# धरान नगरपालिका कार्यालय
# धरान, सुनसरी
## पशु वधशाला तथा मासु जाँच निर्देशिका २०६०

नगरवासीहरुको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थ मिसावट रोक्न र मासुमा हुने स्वस्थ्यता तथा मासुको स्वभाविक गुण विग्रन नदिई उपयुक्त स्तर कायम राखी उपभोक्ता सम्म जस्ताको तस्तै पुऱ्याउन तथा मासुको स्तरमा कुनै मिसावट र मासु तथा मासु पसलको सरसफाईका लागि स्वच्छ वनाउन, पशु बधशालाको स्थापना गर्ने र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न वान्छनिय भएकोले स्थानिय स्वायत्त शासन नियमावली २०५६ को नियमा २७६ को १ वमोजिम धरान नगरपालिकाले यो निर्देशिका बनाई मिति २०६०।११।१७ गतेको को धरान नगरपालिका वोर्ड/परिषद बाट स्वीकृत गराई लागु गरिएको हो ।

**मासु व्यवशायीहरुले अनिवार्य रुपमा निम्न कुराहरु पालनागरी मासु पसलको स्थापना गरी मासु खरिद विक्री गर्नु पर्नेछ ।**

१। मासु व्यवसायीहरुले पशु वधशाला र मासु जांच ऐन – २०५५ र पशु वधशाला तथा मासु जाँच नियमावली २०५७ मा व्यवस्था गरेका प्रावधानहरु लाई नगरपालिकाका पूर्वाधारहरु तथा श्री ५ को सरकारबाट प्राप्त हुने सहयोग तथा पूर्वाधारहरु गैर सरकारी संघ संस्था, समन्वय संस्था, विदेशी संस्था तथा अन्य निकाय वा तवरबाट प्राप्त भएका पूर्वाधारहरुलाई सकेसम्म वढी उपयोग गर्दै धरान न.पा.ले तयार गरेको न्यूनतम मापदण्ड पुरा गरी मासु पसलको स्थापना गर्नु पर्नेछ ।

२। मासु व्यवशाय गर्ने व्यवशायीहरुले पशु वधशाला तथा मासु जाँच ऐन २०५५ र पशु वधशाला तथा मासु जाँच नियमावली २०५७ अनिवार्य रुपमा पालना गर्नु व्यवशायीको दायित्व हुनेछ ।

३। संक्रामक रोग, परजिवी रोग का साथै अन्य पैतृक तथा मेटावोलीक रोगहरु नलागेका, मासुकै उदेश्य लिई पालिएका भाले साँढलाई मासुको लागी प्रयोग गर्नु पर्नेछ । पोथीहरुलाई मासुका लागी प्रयोग गर्नुपरेमा श्री ५ को सरकारले तोकेको व्यक्ति वा नगरपालिकाले तोकेको व्यक्तिको सिफारिसमा मासुकोलागी प्रयोग गर्न योग्य तथा प्रजनन् कार्यका लागी अयोग्य भनी प्रमाणित देखिएमा मात्र पोथी पशुलाई मासुको लागी प्रयोग गर्न पाईने छ ।

४। पशु पंछीलाई वध गर्दा नगरपालिकाले तोकेको ठाउँमा मात्र वध गर्नु पर्नेछ । जहीं तहीं वध गर्न साथै मासु विक्री वितरण गर्न पाईने छैन । पशु वधशाला वनी सकेपछि वधशालामा मात्र वध गर्न पाईनेछ ।

५। वध गरिसकेपछी अनिवार्य रुपमा नगरपालिकाले तोकेको ठाउँमा फोहर मैला जम्मा गरि प्रत्येक पशुलाई वध गर्दा न्युनतम सफाई शुल्क नगरपालिकालाई वुझाई स्वच्छ र सफा तथा मासुको गुणस्तर प्राकृतिक रुपमै रहने गरी पसलमा लैजानु पर्नेछ ।

६। वध गरिएको ठाउँ बाट अर्को ठाउँमा लैजाँदा वाह्रय रुपमा अन्य केही वस्तुको सम्पर्क नहुने गरी छोपी/ढाकी पसलमा लैजानु पर्नेछ ।

७। स्वास्थ्यलाई हानी गर्ने किसिमको गन्ध वा समग्रीको प्रयोग गर्न पाईने छैन साथै मासु पसल सधैं सफा र स्वच्छ राख्नु पर्नेछ ।

८। मासु काट्ने साधन, औजार (अचानो, बाँध्ने डोरी, अड्काउने डण्डी) स्वच्छ र सफा हुनु पर्नेछ ।

९। पसल तथा पसलको वरिपरि अनिवार्य रुपमा किटनाशक औषधी तथा गन्ध निरोधक औषधी प्रयोग गर्नु पर्नेछ ।

१०। भाले जनावरको मासु भनी पोथी जनावरको मासु विक्री गर्न वा एक अर्कामा मिसावट गर्न पाईने छैन । यसो गरेको पाईएमा नगरपालिकाले आवश्यक कारवाही गर्नेछ । यस वाक्यांशले पंछीमा भाले वा पोथीको मिसावट गरेको मानिने छैन ।

११। व्यवसायीहरुले पशुको जात चिनाउन उसको चिन्ह मासु उपभोक्ताले हेर्न चाहेमा अनिवार्य रुपमा देखिने गरी राख्नु पर्नेछ ।

१२। व्यवसाय गर्दा नगरपालिकाले तोकेको स्थानमा मात्र स्वीकृती लिई व्यवसाय गर्नुपर्नेछ । न.पा. द्वारा प्रतिवन्धीत स्थानमा यो व्यवसाय गर्न पाईने छैन ।

१३। मासु पसलमा अनिवार्य रुपमा तार जाली वा सिसा लगाएर वा अन्य आवश्यक उपाय अपनाई झिंगा लगायत अन्य हानीकारक किरा–फट्याङराहरु वस्न नसक्ने व्यवस्था गर्नु पर्नेछ ।

१४। मासु पसलमा सिधै घाम वा पानी पर्ने गरी मासु राख्न र विक्री गर्न पाईने छैन ।

१५| मासु व्यवसायीले एक वा एक भन्दा वढी स्थानमा एकै व्यत्ति वा एकै पसलको नामबाट मासु विकी गर्न पाईनेछैन | यदी एक भन्दा वढी स्थानमा एकै परिवार वा व्यक्ति को पसल भएमा अलग अलग पसल दर्ता र स्वीकृती गर्नु पर्नेछ |

१६| मासु व्यवसायीले उपभोक्ताहरुको चाहना अनुसार मासुको गुणस्तर घट्न नदिई जस्ताको तस्तै मासु उपभोक्ता सम्म पुरयाउनु पहिलो कर्तव्य हुनेछ | पशु पन्छीको वध गर्दा समेत उपभोक्ताको माग वमोजिम सके सम्म उपभोक्ताको सुझाव लाई मनन् गरी वध गर्नु उपर्युक्त हुनेछ | तर कहिले काँही थोरै मासु वासी रहने भएमा वा अकस्मात कुनै कारणवश मासु विकी नभई वासी रहेमा त्यस्तो मासुको प्राकृतिक गुण घट्न नदिनको लागी अपनाउनु पर्ने कार्यहरु (रेफ्रिजरेटरको प्रयोग, सुकाउने वा तताउने) मासु व्यवसायीले गर्नुपर्नेछ | मासु काटिसकेपछी ऐन र नियमावलीको प्रावधान अनुसार मासुको सुरक्षा गर्नु पर्नेछ |

१७| मासु व्यवसायीले कुनै पनि हालतमा गर्भिणी पशुलाई वध गर्न वा गर्भ अवस्थामा मृत्यू भएको पशुको मासु विकी गर्न पाईनेछैन | यस्तो गरेमा नगरपालिकाले कडा भन्दा कडा कारवाही गर्नेछ |

१८| मासु व्यवसायीले मौजुदा मासुको मुल्यमा हेरफेर गर्नु परेमा वा एक्कासी ठुलो मात्रामा मासुको मुल्य वृद्धि गर्नु परेमा नगरपालिका, सम्बन्धित व्यवसायी संघ, उपभोक्ता मञ्चहरुको सामुहिक छलफलबाट मुल्य निर्धारण गरिनेछ |

१९| कुखुरा, हाँस, परेवाको मासु व्यवसाय गर्ने व्यवसायीले मासु व्यवसाय गर्ने र पालन व्यवसाय गर्ने व्यवसायीले मासुको वजार विस्तारका लागी सम्बन्धित व्यवसायी संघ तथा नगरपालिका संग मिली मासु व्यवसायका लागी वजार सुदृढीकरण का लागी आवश्यक कार्यहरु गर्न सक्नेछन् |

२०| मासुको व्यवसाय वा पालन व्यवसाय गर्ने व्यवसायीले व्यवसायको वैद्यता प्राप्त गर्न नगरपालिकामा आवेदन गर्नुपर्नेछ | नगरपालिकाले दर्ता गर्दा सम्बन्धित संघ संग राय वा सिफारिस लिन सक्नेछ | र त्यस व्यवसाय सम्बन्धित समस्या आई परेमा समेत सम्बन्धित संघ संग नगरपालिकाले समन्वय गरी समस्या समाधानको लागी आवश्यकीय कार्य गर्नेछ |

२१| खरायो वा मासुका लागी राखिएका अन्य मासु जन्य व्यवसायीहरुले समेत अनिवार्य रुपमा पसलको सफाई तथा गन्ध आउने वा स्वास्थ्यलाई हानि पुरयाउने वस्तुहरु उचित समय र स्थान (न.पा.ले तोकेको) मा पुरयाउनु पर्नेछ |

२२| माछा व्यवसायीले नगरक्षेत्रमा सकेसम्म स्थानियस्तर बाट माछा खरिद गरि उपभोक्ता सम्म पुरयाउने यदी उक्त कार्य गर्न नसकिएमा स्वदेशी माछाहरु मात्र ताजा रुपका स्वच्छ र सफा का साथै प्राकृतिक गुण कायमै रहेको अवस्थामा उपभोक्ता सम्म पुरयाउनु पर्नेछ |

२३| स्वदेशी माछाहरुको उत्पादनबाट उपभोक्ताहरुलाई अपुग भएमा विदेशबाट समेत माछा आयात गर्नुपरे भएमा क्वारेन्टाईन चेकपोष्टमा अनिवार्य चेक गराईएको स्वास्थ सफा र प्राकृतिक गुण कायमै रहेका माछा मात्र न.पा.क्षेत्रभित्र प्रवेश गराउन पाईनेछ |

२४| माछा व्यवसायीहरुले फाल्ने फोहरको अनुपातमा नगरपालिकाले सफाई शुल्क लिन सक्नेछ |

२५| रोग लागी वा कालगतीले मरेका पशु वा पन्छीको मासु विकी वितरण गर्न पाईनेछैन |

२६| पशु वधशाला तथा मासु ऐन – २०५५ को दफा – ९ को प्रतिबन्धित वाक्यांश र पशु वधशाला तथा मासु जाँच नियमावली २०५७ साथै प्रचलित कानुन वमोजिम निषेध गरिएका दिनमा पशु वध गर्न पाईने छैन भनि किटान गरिएका दिनमा पशु वा पंछी वध गर्न पाईनेछैन |

२७| मासु व्यवसायीहरुले कुन जातको पशुको मासु विकी गर्ने हो किटानी साथ न.पा.मा आवेदन गर्नुपर्नेछ | र सो जातको मासु मात्र विकी गर्न पाईनेछ | साथै प्रत्येक जातको पशुको मासुको विकी वितरण गर्न अलग अलग व्यवसाय प्रमाण पत्र लिनु पर्नेछ |

२८| राँगा, खसी, वोका, भेंडा, सुँगुर, वंगुर, वँदेल, खरायो आदि मासुको लागी योग्य तथा प्रजनन् अयोग्य भैंसी, वाखी, भुनी, कुखुरा, हाँस, परेवा वा अन्य मासुका लागी पालीएका जनावर, पशु – पंछी, माछा बाहेक अरु पशुको मासु विकी वितरण गर्न पाईने छैन |

२९| मासु निरिक्षक, सुपरिवेक्षक वा नगरपालिकाले खटाएको प्रतिनिधी वा प्रशासनिक निकायको कुनै आधिकारिक व्यक्ति मासु व्यवसायीको पसलमा वा पशु वधशालामा प्रवेशगरी मासु तथा पशुको अवस्थाको वारेमा जानकारी लिन सक्नेछ |

३०| मासु व्यवसायीहरुले मासुको स्वभावीक गुण वा स्वाद परिवर्तन गर्ने वा तौल बढाउनेगरी कुनै पदार्थ मासुमा मिसाई विकी गर्न पाईने छैन |

३१| मासु व्यवसायीहरुले मासुमा मिसावट गरेको वा अस्वस्थ मासु वा अन्य कुनै खरावीको शंका लागेमा मासु व्यवसायीको पसलमा प्रवेश गरी मासुको आवश्यक नमुना लिई प्रयोगशालामा पठाउन सक्नेछ |

३२| प्रत्येक मासु पसलमा त्यो दिनको मुल्य सूची अनिवाई राख्नु पर्नेछ |

३३| छाला निकाल्नु नपर्ने जातका पशुहरु सुँगुर | वंगुर | वँदेल | कुखुरा | हाँस | परेवा को छाला निकाली विक्री वितरण गर्न वन्देज गरिने छैन | उपभोक्ताहरुको चाहना अनुसार यस्ता पशु वा पंछीको मासु छाला सहीत नै विक्री गर्न पाईने छ |

३४| व्यवसाय सुदृढीकरण तथा वजार विस्तारका लागी प्रत्येक व्यवसायीले आफ्नो व्यवसायका सामुहिक समस्याहरुमा नगरपालिका सँग मिली नयाँ कार्यक्रम संचालन गर्न नगरपालिकामा आवेदन गर्न तथा न.पा.ले त्यस्ता कार्यक्रमका सम्बन्धमा अनुमती दिन सक्नेछ |

३५| स्वस्थ, सफा मासु उत्पादन गर्न पालन व्यवसाय प्रमुख रहने हुँदा नगरपालिकाको क्षेत्रमा मासुका उदेश्यले पालिएका पशु वा पंछीमा कुनै संक्रामक वा असंक्रामक तर चाँडै फैलने रोग फैलिएमा त्यसको रोकथामको लागी विशेषज्ञ सेवा, प्राविधिक सेवाका लागी रोग निदान, उपचार तथा खोप व्यवस्थापनमा श्री ५ को सरकार वा समन्वय सँस्था वा त्यस्ता विशेषज्ञ प्राविधिक सँग सम्पर्क गरी रोग निवारणका लागी पहल गर्नेछ |

३६| वधशालामा मात्र वध गर्नुपर्ने भन्ने वाक्यांशमा परम्परागत रुपमा चल्दै आएको चाड पर्व, धार्मीक पूजा आजा, कुनै भोज भतेर वा धार्मीक उत्सव जस्ता कार्यको सिलसिलामा पशु वधशाला वाहेकमा स्थानमा पशु वध गर्न छाला सहितको मासु उपयोग गर्न वाधा पुरयाईने छैन तर यसरी वध गरिएको पशु वा पंछीको मासु उपभोक्ताहरुलाई विक्री वितरण गर्न पाईने छैन |

३७| नगरपालिकाले पशु वधशाला निर्माण गर्दा पालन व्यवसायी सँग, श्री ५ को सरकारको निकाय, गैर सरकारी सँघ संस्था, उपभोक्ता तथा समन्वय संस्थाहरु सँग छलफल गरी सुझाव, सल्लाह, राय, संकलन गरी पशु वधशाला तथा मासु जाँच ऐन २०५५ का प्रावधानका आधारमा रही सहकार्य गरिनेछ |

३८| नगरपालिकाले नगरपालका क्षेत्र भित्र पशु बधशाला तथा मासु जाँचका लागी छुट्टै मासु निरिक्षक वा मासु प्राविधिक तोकी उनीहरु मार्फत मासुको गुणस्तर जाँच तथा वधशाला संचालन गर्न सक्नेछ |

३९| न.पा.ले मासुकालागी पालीएका पशुहरुको वैद्यता का लागी पालन व्यवशायीहरुले प्रमाण-पत्र लिई सकेपछि त्यस्ता फर्म वा पालन व्यवशाय संचालन भएकै ठाउँमा मासुको लागी विक्री गर्न योग्य पशु पंछीको स्वास्थ्यको जाँच गरिने व्यवस्था मिलाउने छ | यो व्यवस्था लागु भई सकेपछी मासु व्यवशायले स्वास्थ्य प्रमाण-पत्र हेरी सकेपछी मात्र मासुको लागी प्रयोग गर्नु पर्नेछ |

४०| न.पा.ले स्वास्थ्य परिक्षण कार्यक्रम थालनी गरिसकेपछि पालन व्यवसायी संघ मासु व्यवसायी संघ तथा त्यस संग सम्बन्धित निकायमा समन्वय गरी कार्यक्रम अरु विस्तार गर्दै लगिनेछ |

४१| न.पा. क्षेत्रमा नगरवासीहरुलाई स्वच्छ मासु उत्पादनका लागी पशु चिकित्सा सेवा, पशु विकास कार्यक्रम, पशु श्रोत केन्द्र तथा पशु पन्छीको विक्री वितरण सम्बन्धमा समय सापेक्ष कार्यक्रमहरु न.पा.ले ल्याउने प्रयत्न गर्नेछ |

४२| मासुको गुणस्तर उच्च वनाउन तथा नगरपालिका क्षेत्रमा छाडा तथा वेवारिसे पशु पंछीको नियन्त्रण गरि संक्रामक तथा परजिवी रोगबाट पशु पंछीलाई जोगाई स्वास्थ जनवारको मासु उपभोक्ता सम्म पूर्‍याउन न.पा.ले विष्शेष कार्यक्रमहरु संचालन गर्नेछ |

४३| समय समयमा मासु तथा पालन व्यवसायीहरुलाई नगरपालिले उनीहरुका सामूहिक समस्याका वारेमा छलफल गराई समाधानका उपायहरु खोजीनेछ यसकालागी मासु व्यवसायीहरुलाई तालीमा, छलफल, गोष्टी, सेमिनार आदीको आयोजन न.पा.ले गर्न तथा गराउन सक्नेछ |

४४| मासुका उदेश्यले पालिएका पशु वा पंछीहरुमा संक्रामक रोगहरु फैलिएमा व्यवशायी संघ संस्थाहरु संग समन्वय गरी वा सम्बन्धित समन्वय संस्थाहरु सँग मिली न.पा.ले व्यवशायीहरुको मागको आधारमा प्राथमिकताका साथ कार्य संचालन तथा अन्य कार्य गर्नेछ |

४५| नगरवासीहरुको चाहना वमोजिम नगरपालिकाले मासुका उदेश्यले पशु पंछीको संरक्षण तथा स्वास्थ्य उपचारका लागी अन्य कार्यक्रमहरु संचालन गर्न सक्नेछ |

४६|पशुवधशाला नबनुन्जेलसम्मको लागी नगरपालिकाले निम्नअनुसारको व्यावशायी तथा प्राविधिज्ञ प्राविधिक र नगरपालिकाका प्रतिनिधी रहेको एक अधिकार सम्पन्न मासु व्यावस्थापन समिति निर्माण गरिमासु | पालक व्यावसायीहरुलाई वैधताकालागी र अन्य मासु जन्य कार्यको सिफारिस गर्नकालागी एक समिति निर्माण गरिनेछ |यस समितिले आफ्नो कार्य योजना आफै वनाउने छ|

१ संयोजक-पशु सेवा प्राविधिक मध्येबाट न.पा.ले तोकेको संबन्धीत विषयमा अनुभवी १

२ पदेन सदस्य-खाध बिशेषज्ञ १ जना

३ पदेन सदस्य न.पा.कर अधिकृत १ जना

४ पदेन सदस्य न.पा.नगरप्रहरी १ जना

५ पदेन सदस्य जि.प.से.का प्रमुख १ जना (पशु चिकित्सक मात्र)

६ पदेन सदस्य समाज कल्याण शाखा १ जना

७ सदस्य मासु सँग संबन्धीत संघ संस्थाका अध्यक्ष सचिव मध्ये बाट ३ जना

८ सदस्य मासु उपभोक्ता मध्येबाट २ जना

९ सदस्य स्वच्छ मासु उत्पादनमा विषेश भूमिका भएका व्यवशाई प्राविधिक मध्येबाट २ जना

१० सदस्य मासु उत्पादन सम्बन्धी कार्य गरिरहेका व्यक्ति मध्येबाट २ जना

४७|उपरोक्त समितीले मासु वा पालक वयवसायीको कुनै अनियमितता भए कार्वाही वा जरिमाना सिफारिस गर्नेछ र त्यसैको आधारमा न.पा.ले कार्वाही वा जरिमाना गर्नेछ |

४८| नगरपालिकाले उपरोक्त मासु व्यवस्थापन समितीले गरेको सिफारिसमा हेरफेर थपघट वा पुनरावलोकन गर्न सकिनेछ |

४९|यो निर्देशिका लागु हुनु भन्दा अगाडी दर्ता वा स्थापना भएका व्यवसायीहरु यसै वमोजिम स्थापना भएको मानी यसै अनुसार संचालन हुनेछन् |

५०|यस निर्देशिकामा हेरफेर थपघट गर्नुपरेमा न.पा. वोर्ड परिषदले अवस्था अनुसार परिवर्तन, परिमार्जन गर्न सक्नेछ |

५१| अव नगरपालिमा मासु वा पालन व्यवसायीलाले वैद्यता प्राप्त गर्न व्यवसाय प्रमाण-पत्र लिंदा समितीको सिफारिसमा मात्र दिईनेछ |

५२| उपरोक्त दफा ५१ को प्रयोजनको लागि मासु व्यवस्थापन समितीको संयोजक वा सदस्य सचिवले पछि समितिको वैठकमा अनुमोदन गराउने गरि सिफारिस गर्न सक्नेछ |

५३| जरिवाना:- पशु वधशाला तथा मासु जाँच ऐन, नियमावली तथा यो निर्देशिका उल्लङ्घन गर्ने व्यवसायीलाई ऐनमा किटान भए वमोजिम पहिलो पटक रु ५०|- देखि, रु ५०००|- सम्म जरिवाना तथा अन्य कारवाही पशु वधशाला तथा मासु जाँच ऐन २०५५ र पशु वधशाला तथा मासु जाँच नियमावली २०५७ अनुसार हुनेछ |

५४|दफा ४६ अनुसारको मासु व्यवस्थापन समिति निर्माण गर्दा नगरपालिका वोर्डले संयोजकलाई मनोनयन गरि संयोकको सिफारिसमा नगर प्रमुखले अन्य सदस्यहरुको नियुक्ति गरिनेछ |

५५| मासु व्यवस्थापन समितिकै मातहतमा रहने गरि व्यवस्थापन समितिकै संयोजकको संयोजकत्वमा रहने गरि पत्रकार, मासु उपभोक्ता र वुदिजिविहरु समेतलाई समावेस गरि व्यवस्थापन समितिले एक मासु अनुगमन समितिको निर्माण गरि नगरपालिका वोर्डमा अनुमोदनको लागि पठाउनेछ | उक्त समितिले मासु पसलहरुको अनुगमन गर्नेछ |

यस निर्देशिका अनुसारको जरिवाना तथा कारवाहीका हकमा स्थानीय स्वायत्त शासन ऐन, नियमावली, विनियम आदी मुताविकनै निम्न अनुसार जरिवाना गर्न सकिनेछ|

**निषेधीत कार्य र दण्ड सजाय: यो निर्देशिका वमोजिम निषेधित तपसिल अनुसारका कार्य गर्नेहरुलार्य तपसिल अनुसार दण्ड जरिवाना गरिनेछ ।**

| क.सं. | काम कार्वाही गर्न मनाही | दण्ड जरिवाना रुपैयाँ सम्म | |
|---|---|---|---|
| | | अक्षरमा | अंकमा |
| १ | निषेधित क्षेत्रमा पशु वध गर्नेलाई | एक हजार रुपैयाँ सम्म | १०००।- |
| २ | निषेधित क्षेत्रमा मासु विक्री वितरण गर्नेलाई | एक हजार रुपैयाँ सम्म | १०००।- |
| ३ | निषेधित दिनमा पशु वध गर्नेलाई | एक हजार रुपैयाँ सम्म | १०००॥- |
| ४ | भाले पशुको मासुमा पोथी पशुको मासु वा एक किसिमको पशुको मासुमा अर्को किसिमको पशुको मासु मिसावट गरि विक्री वितरण गर्नेलाई | एक हजार रुपैयाँ सम्म | १०००।- |
| ५ | गर्भीणी पशु वध गर्नेलाई | एक हजार रुपैयाँ सम्म | १०००।- |
| ६ | गर्भीणी पशुको मासु विक्री वितरण गर्नेलाई | पाँच सय रुपैयाँ सम्म | ५००।- |
| ७ | मासु बाट निस्कने फोहर अव्यवस्थित रुपमा जथाभावी फयाँकेमा | एक सय पचास सम्म | १५०।- |
| ८ | प्रजनन अयोग्य प्रमाणित नभई पोथी पशु वध गर्नेलाई | दुई सय रुपैयाँ सम्म | २००।- |
| ९ | व्यवसाय प्रमाण पत्र तथा स्वीकृती नलिई मासु विक्री वितरण गर्नेलाई | एक हजार रुपैयाँ सम्म | १०००।- |
| १० | ठेला वा स-साना गुम्तीमा मासु घुमाई घुमाई विक्री वितरण गरेमा वा अव्यवस्थित रुपमा मासु विक्री गरेमा | पाँच सय रुपैयाँ सम्म | ५००।- |
| ११ | मासुको प्राकृतिक गुण विग्री सकेको वा मासु बाट गन्ध वा अनौठो रङ्ग देखिएको मासु विक्री गर्नेलाई | पाँच सय रुपैयाँ सम्म | ५००।- |
| १२ | मासु सफाईमा ध्यान नपुरयाई दुषित मासु विक्री वितरण गरेमा पटकै पिछे | पाँच सय रुपैयाँ सम्म | ५००।- |
| १३ | मासु ढुवानी गर्दा नियम अनुसार ढुवानी नगरी मासु विक्री गरेमा | एक सय रुपैयाँ सम्म | १००।- |
| १४ | अस्वस्थ्य पशु वध गरेमा | एक हजार रुपैयाँ सम्म | १०००।- |
| १५ | सडे गलेका माछा विक्री गरेमा | पाँच सय रुपैयाँ सम्म | ५००।- |
| १६ | क्वारेन्टाई चेक नभएका माछा विक्री गरेमा | पाँच सय रुपैयाँ सम्म | ५००।- |
| १७ | अव्यवस्थित रुपमा माछा विक्री गरेमा | पचास रुपैयाँ सम्म | ५०।- |
| १८ | व्यवसायीले व्यवसायको परिक्षण तथा जाँच गर्न अवरोध गरेमा | एक हजार रुपैयाँ सम्म | १०००।- |
| १९ | मासुमा अखाद्य वस्तु तथा तौल वढाउने किसिमका वस्तुहरु मिसावट गरी मासु विक्री गरेमा | पाँच सय रुपैयाँ सम्म | ५००।- |
| २० | यस निर्देशिका बमोजिम गरिएको काममा बाधा विरोध गर्ने लाई । | पाँच हजार रुपैयाँ सम्म | ५०००।- |